
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्नै छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क १७८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ असार २६ गते बुधबार ❑ 10 July 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## 'नयाँ बन्ने सरकारको मूल उद्देश्य संविधान संशोधन'

**पोखरापत्र संवाददाता**
पोखरा, २५ असार



नेपाली कांग्रेसका नेता अर्जुननरसिंह केसीले राजनीतिक स्थायित्वका लागि संविधान संशोधन गर्ने मूल उद्देश्यसहित कांग्रेस एमालेसहितको राष्ट्रिय सरकार गठन गर्न लागिएको बताउनुभएको छ।

नेपाल प्रेस युनियन कास्कीद्वारा मंगलबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा उहाँले संविधान निर्माणपछि पनि स्थिर सरकार बन्न नसक्दा जनअपेक्षाअनुसार काम नसकिएको भन्दै संविधान संशोधनलगायत विषयमा बृहत् सहमतिका लागि दुई पार्टी एकठाउँमा आएको उल्लेख गर्नुभयो। "संविधान संशोधनको मूल मुद्दासहित कांग्रेस र एमाले एक ठाउँमा आएका छौँ । अब बाँकी दलसँगसमेत बृहत् समझदारी बनाएर समस्याको पहिचान र सम्बोधनका लागि पहल गरिनुपर्छ", प्रतिनिधिसभा सांसद केसीले भन्नुभयो।

उहाँले शान्ति, विकास र राजनीतिक स्थायित्वका लागि संविधान संशोधन आवश्यक रहेको जिकिर गर्नुभयो। पूवमन्त्री केसीले भन्नुभयो,"नेपालको इतिहासमा अहिलेसम्म बनेका ७ संविधानमध्ये कुनै पनि लामोसमय टिकेनन् । वर्तमान संविधानमा टेकेर परिवर्तित व्यवस्थाको स्थायित्व, विकास र समृद्धिको चाहना पूरा गर्न स्थिर सरकार बनाउने हाम्रो चाहना हो। त्यसैले संविधान संशोधन गरेर अगाडि बढ्नुको विकल्प छैन् ।" केसीले ठूला दलहरू एकैठाउँमा रहँदा तानाशाही हुन्छन् भन्ने तर्क सही नभएको भन्दै सधैँ अस्थिरता मच्चाउने र दलहरूप्रति वितृष्णा फैलाउने कुरालाई ठूला दलले हेरेर बस्न नहुने धारणा राख्नुभयो । सहमतिअनुसार अब एमाले अध्यक्ष केपी शर्मा ओलीकै नेतृत्वमा सरकार बन्ने र त्यसमा संविधानले कुनै बाधा नगर्ने उहाँको स्पष्टोक्ति थियो।

पोखरा विमानस्थल निर्माणका क्रममा भएका अनियमितता तथा प्राविधिक त्रुटिबारे छानबिन गर्न गठित समितिका सदस्यसमेत रहनुभएका केसीले विमानस्थल निर्माणका क्रममा भएका अनियमितताबारे सत्यतत्य बाहिर ल्याउन समितिले सक्रिय रूपमा काम गरिरहेको जानकारी दिनुभयो।

## कालिकास्थान-पुडिटार-लामेआहाल सडक शिलान्यास

**पोखरापत्र संवाददाता**
पोखरा, २५ असार



कोत्रे-बिरौटा सडक खण्डअन्तर्गत कालिकास्थान-पुडिटार-लामेआहाल सडक स्तरोन्नति थालिएको छ।

पोखरा महानगरपालिका र सहरी विकास मन्त्रालयको संयुक्त आयोजनामा आज कालिकास्थानमा पोखरा महानगरपालिकाकाप्रमुखधनराज आचार्यले सडकको शिलान्यास गर्नुभयो । विश्व बैङ्कको सहयोगमा निर्माण हुन लागेको १२.४४ किमी लमम्मे सडकको लागत अनुमान रु एक अर्ब आठ करोड ४८ लाख ९१ हजार तीन सय २६ रहेकामा रु ७७ करोड ६८ लाख ९२ हजार ८३७ मा आशिष निर्माण सेवा प्रालिसँग यही असार ६ गते ठेक्का सम्झौता भई काम सुरु गरिएको हो। ठेक्का सम्झौताको मितिबाट तीन सय ९० दिनमा काम सम्पन्न गर्नुपर्ने जनाइएको छ । शिलान्यास कार्यक्रममा पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले यो सडक आयोजना महानगरको गौरवको आयोजना भएको बताउँदै महानगरभित्र २८ अर्बभन्दा बढीका विभिन्न आयोजना सञ्चालन भइरहेको बताउनुभयो । सहरी विकास मन्त्रालयका सचिव मनिराम गेलालले पोखराको विकासलाई पूर्वाधार विकास सरकारको पहिलो प्राथमिकतामा भएको बताउनुभयो।

पोखरा महानगरपालिका वडा नं ३३ का वडाअध्यक्ष रामचन्द्र अधिकारीले समयमा नै काम सम्पन्न गर्न सम्बद्ध सबैको साथ र सहयोग आवश्यक भएको बताउनुभयो।

## एकचालिस पुल बाढीमा बगे, १० करोड बढीको क्षति

**पोखरापत्र संवाददाता**
पोखरा, २५ असार

अविरल वर्षाका कारण देशका विभिन्न भागमा बाढीपहिरोलगायत विपद्का घटनामा परेर हालसम्म ७८ जनाले ज्यान गुमाएका छन् भने रु १० करोडभन्दा बढीको क्षति भएको छ । प्रहरी प्रधान कार्यालयका अनुसार गत जेठ २८ गतेदेखि हालसम्म देशका विभिन्न स्थानमा आएको बाढीपहिरामा परेर ७८ जनाको मृत्यु भएको हो। जेठ २८ देखि मंगलबार विहानसम्म बाढीपहिरा परेर ९० जनाघाइते र पाँचजना वेपत्ता भएका छन्।

बाढीपहिराका कारण तीन सय ८१ पशु चौपायको मरेका, ९८ गोठमा क्षति भएको, पाँच सय ९५ घर विस्थापित भएका छन्। विपद् व्यवस्थापनका निम्ति पाँच हजार ४१ प्रहरी परिचालन गरिएको छ । बाढीपहिरोले एक विद्यालय र दुई सरकारी भवनमा क्षति पुगेको छ भने ४१ वटा पुल बगाएको छ। यस्तै, एक सय ६१ घर डुबानमा परेका र एक सय १६ रोपनी जग्गा पुरिएको प्रहरी प्रधान कार्यालयले जनाएको छ। अविरल वर्षाका कारण देशभर एक हजार २८ घटना भएका र त्यसबाट रु १० करोड १८ लाख ८५ हजार सात सय बराबरको क्षति पुगेको प्रहरीले जनाएको छ।

## परम्परागत धानको जात संरक्षण

**पोखरापत्र संवाददाता**
पोखरा, २५ असार

पोखरा महानगरपालिका क्षेत्रमा ६० प्रतिशतभन्दा बढी धान रोपाइँ भएको छ।

पोखरामा करिब ११ हजार दुई सय हेक्टर क्षेत्रफलमा धानखेती हुँदै आएकामा ६० प्रतिशतभन्दा बढी रोपाइँ सकिएको पोखरा महानगरपालिका कृषि महाशाखा प्रमुख मनोहर कडरियाले जानकारी दिनुभयो। पोखराका विशेषगरी पामे, कुँडहर, सिसुवा, पटनेरी, मालमुल, गगनगौडा, अर्मला, सुरौदीलगायत फाँटक्षेत्रमा धानखेती हुने गरेको छ भने माझठाना, खुर्वादी, आँगेटारीलगायतका टारी खेतमा धानखेती गरिँदै आइएको छ । पोखरा आसपासका क्षेत्रमा झण्डै ४० प्रतिशत जेठोबुढो रोप्ने गरिएको र बाँकी विभिन्न उन्नतजातका धान रोप्ने गरिएको कडरियाले जानकारी दिनुभयो । तथ्याङ्कानुसार पोखरामा वार्षिक ३९ हजार मेट्रिक टन धानको उत्पादन हुने गरेको छ। पछिल्ला वर्षमा धानखेती गरिने क्षेत्र घट्दो क्रममा रहे पनि उत्पादकत्व भने वृद्धि भएको जनाइएको छ । उहाँका अनुसार पोखराको बेगनास आसपास क्षेत्रमा रैथाने धानको जातको संरक्षणमा पनि किसानहरूले सक्रियता देखाएका छन्। पछिल्ला वर्षमा चैते धानतर्फ पनि किसान आकर्षित बनिरहेको जनाउँदै उहाँले यस वर्षको चैते धान भित्र्याउने क्रम चलिरहेको जानकारी दिनुभयो । "पोखरामा चैते धान करिब एक हजार पाँच सय रोपनीमा लगाउने गरिएको छ", उहाँले भन्नुभयो, "चैते धानखेतीतर्फ किसानको आकर्षण बढ्दो क्रममा छ, दुई बाली धानका कारण उत्पादन समेत बढ्दा किसानलाई राहत मिलेको छ।"

## 'पार्टी बलियो बनाउँदै जनताका अधिकारको रक्षा गर्छौं'

**पोखरापत्र संवाददाता**
पोखरा, २५ असार



नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का उपमहासचिव जनार्दन शर्माले पार्टी सङ्गठनलाई बलियो बनाउँदै जनताका अधिकारको रक्षा गर्ने ढङ्गले अघि बढ्ने बताउनुभएको छ।

पार्टीको पोखरा महानगर कमिटीले आज यहाँ आयोजना गरेको कार्यकर्ता भेटघाटमा उहाँले सरकार, सदन र सडक तीनै मोर्चामा पार्टीलाई क्रियाशील बनाइने बताउनुभयो । "पार्टी सङ्गठन निर्माण र सुदृढीकरण अबको हाम्रो पहिलो प्राथमिकता हो", उपमहासचिव शर्माले भन्नुभयो, "संविधान संशोधन गरेर परिवर्तनका उपलब्धि खोस्ने षड्यन्त्र भए तीनवटै मोर्चाबाट सङ्घर्ष गर्छौं।" पार्टी प्रतिपक्षमा बस्न तयार रहेको उल्लेख गर्दै उहाँले जनताका हक अधिकार गुम्न नदिन जहिले पनि सचेत भएर लाग्ने बताउनुभयो।

उपमहासचिव शर्माले विगतमा पार्टी निर्माण र एकताबद्ध बनाउने सन्दर्भमा सबैको कमी कमजोरी भएको स्वीकार गर्दै आफ्नोतर्फबाट भएको कमजोरीको जिम्मा लिन तयार रहेको उल्लेख गर्नुभयो।

माओवादी केन्द्रलाई थप एकताबद्ध र शक्तिशाली बनाइने उहाँको भनाइ थियो । पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको वर्तमान सरकारले संविधानअनुसार नै विश्वासको मत लिन लागेको उहाँले बताउनुभयो।

माओवादी केन्द्रको नेतृत्वमा सरकार सञ्चालन हुँदा सुशासन, विकास र समृद्धिका क्षेत्रमा उल्लेखनीय काम भएको उपमहासचिव शर्माले बताउनुभयो।

## एम्नेष्टी नेपाल अन्नपूर्ण समूह ५४ को २३ औं वार्षिक साधारण सभा सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २५ असार



अन्तराष्ट्रिय मानवअधिकारबादी संस्था एम्नेष्टी इन्टरनेशनल समूह ५४ को २३ औं वार्षिक साधारण सभा सम्पन्न भएको छ।

कार्यक्रमको एम्नेष्टी इन्टरनेशनल समूह ५४ को पुर्व सँयोजक कोमलनाथ कुवरले उद्धाटन गर्दै मानवअधिकारको वकालत गर्ने गरी एम्नेस्टी इन्टरनेसनलको स्थापना भएको बताउदै एम्नेष्टी अभियानलाइ व्यापक बनाइ मानवअधिकार संरक्षण नयाँ उचाईमा पुराउनु पर्ने बताउनुभयो। एम्नेष्टी इन्टरनेशनल समूह ५४ को पुर्व सँयोजक नविनराज बरालले मानव अधिकारका क्षेत्रमा प्रभावकारि भुमिका खेल्ने बिश्वास ब्यक्त गर्नुभयो।

कार्यक्रममा एम्नेष्टी इन्टरनेशनल समूह ५४ को पुर्व सँयोजक अनन्त कोइराला, एम्नेष्टी इन्टरनेशनल समूह ५४ को पुर्व सँयोजक भानु पराजुली, एम्नेष्टी इन्टरनेशनल समूह ८२ सयोंजक नरेश बराल लगायतले शुभकामना व्यक्त गर्दै विश्वकै सबैभन्दा ठूलो अन्तर्राष्ट्रिय मानवअधिकारवादी संस्थाको मान जोगाइराख्न आग्रह गरेका थिए। कार्यक्रम सँयोजक सुरेन्द्र परियारको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत सहसंयोजकमा विष्णुहरी पन्थीले र सचिव अधिबक्ता मिना रानाभाटले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।


सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# जिसस कास्कीद्वारा स्थानीय पूर्वाधार विकास आयोजनाका योजना अनुगमन

**पोखरापत्र संवाददाता**
पोखरा, २५ असार

जिल्ला समन्वय समिति कास्कीले मंगलबार स्थानिय पूर्बाधार बिकास आयोजना पोखरा मातहत संचालित दुई बिकास आयोजना अनुगमन गरेको छ।



जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेल नेतृत्वको टोलिले उक्त कार्यालय मातहतमा निर्मित पोखरा महानगर वडा न १७ र २१ जोड्ने फुर्से खोला दम्सादी स्थित फाकलतरा दम्सादी झोलुङ्गेपूल मर्मत आयोजना र पोखरा महानगर वडा न २३ बिरिम मार्की सडक खण्डको बिरिम खोलामा निर्मित बिरिम खोला कल्भर्ट आयोजनाको अनुगमन गरेको बताइएको छ।

कुल लागत रू ६१,७९,१९ भएर ३५ लाख ५८ हजार ३ सय ६४ मा मिति २०८१ बैशाख ३ गते निर्माण सम्झौता भएको फुर्से खोला दम्सादी स्थित फाकलतरा दम्सादी झोलुङ्गेपूल मर्मत आयोजना २०८१ असार ४ गते निर्धारित समयमै निर्माण सम्पन्न भएको पाइएको प्रमुख पौडेलले बताउनुभयो। ग्याभिन जाली, रिप र्याप नाली प्लास्टिक सिट कभरिङ ,बायो इन्जिनियरिङ सहित क्याच ड्रेनको निर्माणले सो पूल सहित सो क्षेत्रको बस्ती संरक्षणमा समेत महत्त्वपूर्ण भुमिखा खेल्ने पौडेलले उल्लेख गर्नुभयो। सो अबसरमा प्रमुख पौडेलले केही निर्माण कम्पनिहरूले श्रमिकहरूलाइ काममा लगाएर ज्याला भुक्तानीमा आनाकानी गरेको तथा श्रम शोषण गरेको भन्ने गुनासा आएको भन्दै यदि त्यसो गरेको पाइएमा निर्माण कम्पनीहरूलाइ कानुन अनुसार कारबाही गर्न सरोकारवाला कार्यालयलाई आग्रह गर्नुभयो।

त्यसैगरि जिसस कास्कीको अनुगमन टोलिले पोखरा महानगर वडा न२३ बिरिम मार्की सडक खण्डको बिरिम खोलामा निर्मित बिरिम खोला कल्भर्ट आयोजनाको समेत अनुगमन गरेको छ। कुल लागत रू ५६,०३,६१० रहेर मिति २०८० असार ८ गते निर्माण सम्झौता भएको उक्त आयोजना २०८० फागुन ७ गते निर्धारित समयमै निर्माण सम्पन्न भएको छ। आर सि सि कार्य ग्याबिन ड्रेन सहित निर्मित सो आयोजनाको रैते कन्स्ट्रक्सन कम्पनीले निर्माण सम्पन्न गरेको हो। टोलिमा जि स स कास्कीका पदाधिकारी, सदस्य, प्राबिधिक, इन्जिनियर सहित सरोकारवाला कार्यालय स्थानिय पूर्बाधार बिकास आयोजना कार्यालयका कर्मचारी सहित स्थानियहरूको उपस्थिति रहेको थियो।

# मदनचन्द्रा साहित्य समाजसेवा पुरस्कार माकाजूलाई

**पोखरापत्र संवाददाता**
पोखरा, २५ असार



शुक्ला साहित्य प्रतिष्ठान पोखरा-१६, बाटुलेचौरद्वारा सञ्चालित मदन-चन्द्रा साहित्य समाजसेवा पुरस्कार साहित्यकार तथा समाजसेवी रविन्द्र माकाजूलाई अर्पण गरिने भएको छ।

माकाजूका विविध विधाका छ दर्जन बढी कृति प्रकाशित छन्। २५ हजार राशिसहितको उक्त पुरस्कारबाट यस अगाडि गायिका बाबा राणा सम्मानित भइसकेकी छन्। प्रतिष्ठानले नेपाली साहित्य, सामाजिक तथा सांस्कृतिक संस्कार र सभ्यताको संरक्षणमा क्रियाशील रहेर पनि ओझेलमा परेका स्रष्टा साधकलाई पुरस्कार अर्पण गर्दै आएको छ। समाजसेवी मदनबहादुर खत्री क्षत्रीले धर्मपत्नी चन्दा खत्री क्षत्रीको स्मृतिमा स्थापित एकलाख ५५ हजार रुपैयाँको अक्षयकोषबाट आर्जित रकमबाट प्रतिभालाई पुरस्कृत गरिँदै आएको संस्थाका अध्यक्ष हरिबहादुर बरुवालले जानकारी दिए। अक्षयकोषका संरक्षक मदनबहादुर खत्री क्षत्रीले समयको कालक्रम अनुसार पुरस्कारको राशि सानो भए तापनि कोषको आकार वृद्धि हुँदै जाँदा राशि पनि वृद्धि हुने बताए।

यसैगरी, संस्थाद्वारा सञ्चालित शुक्ला बालगौरव पुरस्कार पोखरा-२७, रिठ्ठेपानीकी एञ्जल अधिकारीलाई प्रदान गरिने संस्थाले जनाएको छ। उक्त पुरस्कारको राशि ११ हजार रुपैयाँ रहेको छ। त्रिवेणी पब्लिक माध्यमिक विद्यालय लेखनाथ, कक्षा-९ मा अध्ययनरत छात्रा खेलकुदतर्फ एथलेटिक्स विधामा क्रियाशील छन्। अधिकारी यस अघि विभिन्न पुरस्कार हात पार्न सफल भएकी छन्। प्रतिष्ठानले २०६८ सालदेखि एकलाख रुपैयाँको शुल्ला साहित्य बाल गौरव सम्मान कोष स्थापना गरी बालविकास, बालसाहित्य, बालोत्थान तथा तीक्ष्ण प्रतिभाशाली बालबालिकाको प्रोत्साहनमा प्रत्येक दुई-दुई वर्षमा पुरस्कार अर्पण गर्दै आएको छ। प्रतिष्ठानले २११ औं भानु जयन्तीको अवसरमा बृहत् कार्यक्रम आयोजना गरी यही असार २९ गते दुवै प्रतिभालाई पुरस्कृत गर्ने भएको छ। सोही समारोहबीच साहित्यकार डा गेहेन्द्रमान उदासको तीन पूर्णाङ्कीय बालनाटक र रविन्द्र माकाजूको पोखरामा बाघजात्रा पुस्तक लोकार्पणसमेत गर्ने प्रतिष्ठानका सचिव दीपेन्द्र बानियाँले जानकारी दिए।

# रोटरी क्लव अफ पोखरा मिडटाउनका २३ औ पदस्थापना

**पोखरापत्र संवाददाता**
पोखरा, २५ असार

रोटरी क्लब अफ पोखरा मिडटाउनको २३ औं पदस्थापना कार्यक्रम हालै सम्पन्न भयो।



कार्यक्रममा यस वर्षको भोकेश्नल अवार्ड वाट एकीकृत कृषि प्रणालीमा संलग्न मिना कुमारी गुरुङलाई र ज्येष्ठ नागरिक सम्मान क्लबका सचिव जीवन भण्डारीकी ममतायी माता ८० वर्षीया हिमादेवी भण्डारीलाई प्रदान गरियो। आरसी नक्साल शक्ति, गण्डकी मेडिकल कलेज, र क्लबबीच बालबालिका स्वास्थ्य सम्बन्धी कार्य गर्न सम्झौता पत्रमा हस्ताक्षर गरियो।

कार्यक्रममा क्लबका प्रेशिडेन्ट इलेक्ट उपेन्द्र पौडेलले स्वागत , पूर्व अध्यक्ष सन्तोष पोखेलले अध्यक्षको परिचय, पूर्व अध्यक्ष कृष्ण घिमिरेले प्रमुख अतिथि विनोद कोईरालाको परिचय, र पूर्व अध्यक्ष रो रविन्द्र वास्तोलाले धन्यवाद ज्ञापन गरेका थिए। कार्यक्रममा सोनि ढेवाजुले वर्ष २०२४-२०२५ का अध्यक्ष सूर्य नारायण वराललाई ग्यावेल, हम्मर, चार्टर सर्टिफिकेट, र कोलार हस्तान्त्रण गरे। लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष विनोद श्रेष्ठले क्लबका सामाजिक कार्यमा सहकार्य गर्न प्रतिवद्धता व्यक्त गरे भने एजी गणेश पौडेलले शुभकामना दिए।

पूर्व डिष्ट्रक्ट गभर्नर किरण लाल श्रेष्ठले क्लबलाई आर आइ को मर्म र भावना अनुसारका कार्य गर्न प्रेरित गर्नभयो। प्रमुख अतिथि विनोद कोईरालाले क्लबहरुलाई सम्युक्त प्रयासमा ठूला सेवा परियोजना गर्नु पर्ने बताउनुभयो। रोटरी क्लव अफ मिडटाउन सन् २००२ मा स्थापना भएको क्लवले शिक्षा, स्वास्थ्य, खानेपानी, वातावरण संरक्षण जस्ता महत्वपूर्ण कार्य गर्दै आइरहेको छ। यस वर्ष पनि क्लबले ग्लोवल ग्रान्ट मार्फत ठूला परियोजना सम्झौताको अन्तिम चरणमा रहेको जानकारी क्लबका सर्भिस प्रोजेक्ट निर्देशक विकास अधिकारीले दिनुभयो।

आर सि नक्साल सक्ती र गण्डकी मेडिकल कलेज को सहयोगमा लेखनाथ आसपासका ११ वटा सामुदायिक विद्यालयहरूमा बालबालिका स्वास्थ्य सम्बन्धी कार्य गर्न सम्झौता पत्रमा हस्ताक्षर भएको छ। भव्यरुपमा सम्पन्न भएको पदस्थापना कार्यक्रमको संचालन २०२४-२०२५ का सचिव जीवन भण्डारीले गरेक थिए।

# 'राजनीतिक स्थायित्वका लागि कांग्रेस-एमाले गठबन्धन'

**पोखरापत्र संवाददाता**
पोखरा, २५ असार

नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले देशमा राजनीतिक स्थायित्वका लागि कांग्रेस र एमालेको गठबन्धन भएको बताउनुभएको छ।

खगेन्द्र नवजीवन विशेष शिक्षा माध्यमिक विद्यालयले आज यहाँ आयोजना गरेको 'छात्रावृत्ति वितरण समारोह' मा बोल्दै नेता कोइरालाले मुलुकमा राजनीतिक स्थायित्व प्रदान गर्दै सुशासन दिन कांग्रेस एमाले गठबन्धन निर्माण भएको बताउनुभएको हो। कांग्रेस र एमाले मिलेर आलोपालो सरकार चलाउने सम्झौता भएको उहाँको भनाइ छ। "मैले विगत सात/आठ महिनादेखि मुलुकमा स्थिर सरकार र सुशासन चाहिन्छ भनेर भन्दै आएको थिएँ, आज त्यो पूरा हुने क्रममा छ, कांग्रेस र एमाले मिलेर देशलाई सुशासन दिन्छौं, संविधानमा भएका कमजोरी सुधार्दै मुलुकलाई आर्थिक विकासको गतिमा अगाडि बढाउछौं", उहाँले भन्नुभयो।

उहाँले प्रधानमन्त्रीलाई विश्वासको मत लिने अधिकार संविधानले दिएकाले राजीनामा दिनुपर्छ भन्नु कुनै फाइदा नभएको उल्लेख गर्नुभयो। डा कोइरालाले अब बन्ने सरकार संविधानको धारा ७६ (२) अनुसार बन्ने बताउनुभयो।

# कास्कीमा अबैध रुपमा निगालाको टुसा चोरी गर्ने व्यक्ति सहित चालक पक्राउ

**पोखरापत्र संवाददाता**
पोखरा, २५ असार

कास्कीमा अबैध रुपमा निगालाको टुसा चोरी गर्ने व्यक्ति सहित चालक पक्राउ पर्नु भएको छ।

कास्कीको माछापूच्छ्रे गाउँपालिका वडा नं. ४ लम्सालथर स्थित ग ३ च ४५४० नम्बरको बोलेरो जिपलाई चेकजाँच गर्दा अन्नपूर्ण संरक्षण क्षेत्रबाट निगालोको टुसा करिब १४८० मुठा लोड गरी पोखरातर्फ ल्याउँदै गरेको अबस्थामा फेलापारेको हुँदा टुसा ल्याउने रामजी भण्डारी, चालक खिम बहादुर पुन सहित उक्त टुसा प्रहरीले नियन्त्रणमा लिएको हो।

माछापूच्छे गाउँपालिका वडा नं.१ टुसे बस्ने ३७ बर्षका चालक पुन र टुसा ल्याउने माछापुच्छे २ का ४१ बर्षीय भण्डारीलाई प्रहरीले थप अनुसन्धान सहितको कार्वाहीको लागि अन्नपुर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) को कार्यालय हरियोखर्कमा पठाएको जिल्ला प्रहरी कार्यालय कास्कीका सूचना अधिकारी बशन्तकुमारशर्मालेबताउनुभयो।

अवैध रुपमा ल्याएको उक्त टुसा बिग्रिने भएकोले हाल बिक्रिको लागि लिलाम गर्नको लागि सूचना समेत एक्याप पोखराले जारी गर्‍यो। उक्त टुसा अवैध रुपमा बिक्रि गर्न लागेका र उक्त सवारी धनीलाई समेत कार्वाही हुने भएको एक्याप पोखरा कार्यालयका प्रमुख डा.रविनकडरियालेबताउनुभयो।

यस्तो अबस्थामा अवैध टुसाको कारोवार गर्ने वा यसमा संलग्न हुने व्यक्तिलाई बरामद गरिएको टुसाको दोब्बर जरिवाना, उक्त जरिवाना सहित ६ महिना कैद र दुबै कार्वाही हुन सक्ने कानूनि प्राबधान रहेको छ।

एक्यापले भने साउन ५ गते देखि भदौं २२ गतेसम्मको लागि मात्र केही निश्चित स्थानमा टुसा निकाल्न पाउने गरी सूचना जारी रहेको प्रमुख डा.कडरियाले उल्लेख गर्नू भयो।

कास्कीको माछापूच्छ्रे गाउँपालिकाको सार्दीखोला, लाहाचोक, घाचोक, ल्वाङ, घलेल लगायतका क्षेत्रमा संरक्षण क्षेत्र ब्यबस्थापन समितिले टेण्डर गरी उक्त स्थानबाट टुसा बिक्रि गर्दै आएको छ।



## कर्मचारी आवश्यकता

यस सहकारीका लागि तपशिल बमोजिम पदमा योग्यता पुगेका नेपाली नागरिकबाट दरखास्त आव्हान गरिन्छ।
पदः सहायक
न्यूनतम शैक्षिक योग्यताः व्यवस्थापन विषयमा १२ कक्षा उत्तीर्ण
संख्याः १ जना
उमेर : १८ वर्ष पूरा भइ ३५ वर्ष ननाघेको
अनुभव : सहकारी तथा बित्तीय क्षेत्रको अनुभव प्राप्त वा प्रशिक्षार्थी तालिम लिएको
दरखास्त दिने अन्तिम मिति : २०८१/०४/०३ गते दिनको ४.०० बजेभित्र
(नोट : अनुभवी तथा स्थानीयलाई बिशेष ग्राह्यत दिइने छ।

सम्पर्कः
कमलपोखरी बचत तथा ऋण सहकारी संस्था लि.
पोखरा -१३, बाँझापाटन
फोन नं. ०६१-५८३८११, ५९०६७३, ९८५६०६६८११
Email: kamalpokharisaving@gmail.com

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।
सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।
महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सूक्तिसुधा**

सपनामा मैले देखे जीवन सौन्दर्य हो, ब्यूँझदा मैले पाए जीवन कर्तव्य हो । - फारसी उखान

## सम्पादकीय

# विपद् बारे पुर्व तयारी खोइ ?

अविरल वर्षाको कारण गत जेठ २८ गतेदेखि देशका विभिन्न स्थानमा आएको बाढी, पहिरो लगायतका विपद्मा परी मंगलबार दिउँसोसम्म ८० जनाको मृत्यु भएको छ । बाढी, पहिरो लगायतका विपद्मा परी काठमाडौं उपत्यकामा १ जना, कोशी प्रदेशमा १९ जना, मधेस प्रदेशमा ३ जना, बागमती प्रदेशमा ४ जना, गण्डकी प्रदेशमा २२ जना, लुम्बिनी प्रदेशमा २० जना, कर्णाली प्रदेशमा ४ जना र सुदूरपश्चिम प्रदेशमा ७ जना गरी जम्मा ८० जनाको मृत्यु भएको हो ।

साथै काठमाडौं उपत्यकामा ३ जना, कोशी प्रदेशमा २३ जना, मधेस प्रदेशमा ७ जना, बागमती प्रदेशमा ४ जना, गण्डकी प्रदेशमा २६ जना, लुम्बिनी प्रदेशमा ८ जना, कर्णाली प्रदेशमा १५ जना र सुदूरपश्चिम प्रदेशमा ११ जना गरी जम्मा ९७ जना घाइते भएका छन् । घाइतेहरूलाई उपचारको लागि स्थानीय अस्पताल लगिएको छ । साथै कोशी प्रदेशमा ४१ जना, गण्डकी प्रदेशमा १२ जना गरी जम्मा ५३ जनाको उद्धार गरिएको छ । बाढी पहिरोमा परी कोशी प्रदेशमा २ जना, बागमती प्रदेशमा २ जना र सुदूरपश्चिम प्रदेशमा १ जना गरी ५ जना बेपत्ता भएका छन् । बेपत्ताको खोजी कार्य जारी छ ।

बाढीको कारण जम्मा १ सय ६१ घर डुबानमा परेका छन् । १ सय ३८ वटा घर, ५४ वटा गोठ, ४१ वटा पुल, १ वटा विद्यालय र २ वटा सरकारी कार्यालयमा क्षति पुगेको छ । ३ सय ८४ वटा पशु चौपायाको मृत्यु भएको छ । उक्त अवधिमा विपद्का घटनाबाट २ हजार ७ सय ६४ घर परिवार विस्थापित भएका छन् । साथै बाढी पहिरोको जोखिममा रहेका विभिन्न जिल्लाका विभिन्न घर परिवारलाई सुरक्षित स्थानमा राख्ने, पहिरोमा पुरिएका धनमाल निकालेर सुरक्षा गर्ने काम समेत विभिन्न निकाय र स्थानीयबासीको समन्वय र सहयोगमा गर्नुका साथै विभिन्न स्थानमा भएको बाटो अवरोध हटाउने कार्य समेत प्रहरीले गरिरहेको छ ।

हरेक वर्ष दोहोरिने बाढी पहिरोका घटनाहरू हेर्दा पूर्वतयारीको कमजोरीलाई उजागर गरेको छ। सधैं झैं यो वर्ष पनि पूर्वसूचना-प्रणाली, जोखिम नक्सांकन, स्थानीय स्तरमा तालिम प्राप्त जनशक्ति र आवश्यक उपकरणहरूको व्यवस्था गर्न सरकार चुकेको देखिन्छ । बाढीपहिरो र डुबा तथा कटान हुँदा स्थानीय तहको सामान्य पूर्वतयारीबाहेक प्रदेश सरकारले दिने सामान्य राहत रकमले विपद्को सामना गर्न सक्दैन। संघीय सरकारले ठूलो बाढी पहिरो आए सेना प्रहरी परिचालन गर्ने र मृत्यु भएमा क्षतिपूर्ति दिनेबाहेक ठोस काम गर्न सकेको छैन । अनुभवका आधारमा सरकारले गम्भीरतापूर्वक लिएर दीर्घकालीन रणनीति बनाउनुपर्छ। स्थानीय तहदेखि केन्द्रसम्म समन्वय गरी पूर्वतयारीलाई प्राथमिकतामा राख्नुपर्छ । अन्यथा हरेक वर्ष हजारौं नेपालीले अनावश्यक पीडा भोग्न बाध्य हुनेछन्। विपद्को सामना गर्न पूर्वसूचना-प्रणालीको विकास र सञ्चालन गर्नुपर्छ ।

कुन क्षेत्र कस्तो विपद्को उच्च जोखिममा छ भन्ने जानकारीसम्म सरकारलाई छैन । सरकारसँग भएको सेना, प्रहरीबाहेक स्थानीय स्तरमा तालिम प्राप्त जनशक्तिको अभाव छ। आवश्यक उपकरणहरूको व्यवस्था पनि शून्य जस्तै छ । राहत वितरणमा पनि एकद्वार प्रणाली विकास हुन जरुरी छ । पूर्व तयारी नहुने र विपदपछि उद्धार र राहतमाका लागि एकीन तथ्यांक लिने प्रणाली विकास गर्नु जरुरी छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : शत्रुको भय |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : आर्थिक समस्या | धनु | : कार्यमा सफलता |
| कर्कट | : मानसिक तनाव | मकर | : शुभ यात्रा |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : स्वास्थ्यमा सुधार |
| कन्या | : ब्यापारमा लाभ | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्भन्होस् ।


# विपद्पीडितलाई सहयोग

**पोखरापत्र संवाददाता**
तनहुँ, २५ असार

तनहुँको शुक्लागण्डकी नगरपालिका-७ काउरेका पहिरापीडितलाई सूर्य नेपाल प्रालिले सहयोग गरेको छ ।

गत शनिबार पहिरा गएर पीडित भएका छ परिवारलाई सूर्य नेपालले सोमबार खाद्यान्न, लत्ताकपडा, टेन्टलगायत सामग्री सहयोग गरेको हो । पहिराबाट पीडित भएकालाई कम्पनीले सामाजिक उत्तरदायित्वअन्तर्गत सहयोग गरेको सूर्य नेपाल प्रालिका जनसम्पर्क प्रमुख अन्जन दुवाडीले जानकारी दिनुभयो ।

प्रमुख जिल्ला अधिकारी जनार्दन गौतम, शुक्लागण्डकी नगरपालिकाका प्रमुख कृष्णराज पण्डित, सूर्य नेपाल प्रालिका कारखाना प्रमुख बाबुराम कार्कीलगायत उपस्थितिमा पहिरापीडितलाई सहयोग सामग्री हस्तान्तरण गरिएको हो । पहिराले घर पुरिएर आइतबार तीनजनाको मृत्यु भएको थियो । पहिराले पुरिएर ४० वर्षीया हिरा नेपाली, ६५ वर्षीय श्याम भण्डारी र ३७ वर्षीया अनिषा बास्तोलाको मृत्यु भएको थियो ।

पहिरामा परी ४० वर्षीय विष्णुबहादुर नेपाली, २६ वर्षीय विशाल तिमिल्सिना, ३५ वर्षीय रवि घिमिरे, १८ वर्षीय रुपकुमारी नेपाली र १५ वर्षीय विमल नेपाली घाइते भएका छन् । शुक्लागण्डकी नगरपालिकाका प्रमुख कृष्णराज पण्डितले नदी तथा खोलाका तटीय क्षेत्र, भिरालो जमिन र कमजोर भूधरातल भएका क्षेत्रमा बसोबास गर्ने नागरिकलाई उच्च सतर्क रहन आग्रह गरिएको बताउनुभयो ।

# दर्शन सहकारीमा सहकारी अभिमुखिकरण कार्यक्रम सम्पन्न



**पोखरापत्र संवाददाता**
पोखरा, २५ असार

दर्शन बचत तथा ऋण सहकारी संस्था लि.को आयोजनामा पोखरा १७ मा रहेको नेपाल ठकुरी संगम परिवार कास्कीको हलमा सहकारी संबन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ ।

दर्शन बचत तथा ऋण सहकारी संस्था लि.ले सहकारीको बारेमा चेतना फैलाउन सहकारी अभिमुखिकरण कार्यक्रम गरेको उक्त सहकारीका अध्यक्ष राजाराम शाहीले जानकारी दिनुभयो । कार्यक्रममा प्रशिक्षक भेषराज बरालले सहकारीमा हरेकको आवश्यकता भएको बताउदै कार्यक्रम अवधिभर सहकारीको अवधारणा सम्बन्धी कुराहरु जानकारी गराउनुभएको थियो ।

साथै प्रशिक्षक बरालले सहकारीको सञ्चालक समिति , लेखा तथा सुपरिवेक्षण समिति, ऋण तथा लगानी समितिका काम, कर्तव्य तथा सहकारी ऐनका बारेमा प्रष्ट पार्नुभएको थियो ।

कार्यक्रममा नेपाल ठकुरी संगम परिवार कास्कीका अध्यक्ष शेर बहादुर उच्चै , नेपाल ठकुरी महिलाका अध्यक्ष सरस्वती हमाल , नेपाल ठकुरी भुपु परिवार कास्कीका अध्यक्ष फम सिंह नेपाल ठकुरी युवा परिवार कास्कीका सचिव मोहन शाही , दर्शन बचत तथा ऋण सहकारी संस्था लि.का सञ्चालक समिति , लेखा तथा सुपरिवेक्षण समिति, ऋण तथा लगानी समिति लगाएतको उपस्थिति रहेको थियो ।

# बाँदर नियन्त्रण गर्न 'मङ्की पार्क'

**पोखरापत्र संवाददाता**
पोखरा, २५ असार

बाँदरले करेसाबारीमा लगाएका तरकारीदेखि बार्दलीमा भुण्ड्याएर राखिएका सामान नष्ट गरिदिएपछि जैमिनीवासी आजित बनेका छन् ।

जैमिनी नगरपालिका-४ की मायादेवी पौडेलले बाँदरले बालीनाली सबै सखाप पार्दा धेरै नोक्सानी व्यहोर्नुपरेको गुनासो पोख्नुभयो । उहाँले भन्नुभयो, "यतिबेला बारीमा लगाइएको मकैले घोगा हाल्न थालेको छ । बाँदरले बोट नै सखाप पारिदिन थालेको छ । बाँदर धपाउन एकजना दिनभर खटिनुपर्ने बाध्यता छ । पहिला-पहिला कहिलेकाहीँ मात्र बाँदर देखिन्थ्यो, अहिले त बाह्रै महिना गाउँमै बस्न थालेको छ, एउटा भए पो धपाउन पनि सजिलो हुन्छ, हुल हुन्छ, एक्लै त धपाउन पनि सकिन्न ।"

काठेखोला गाउँपालिका-५ का बलिभद्र कँडेलले बाली जोगाउन हरेक दिन एकजना कुरुवा राख्नुपर्ने बाध्यता रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "पछिल्लो समय घर छेउका जङ्गल बढ्दै गएपछि बाँदरको बास नै गाउँमा हुन थालेको छ उहाँले बताउनुभयो । पहिले केही आवाज आउने वस्तु बजाउँदा बाँदर भाग्ने गर्दथ्यो ।

आजभोलि निकै चलाख र बाठो हुँदै गएपछि मान्छेलाई नै झम्टन्छ । बारीको बाली एकै छिनमा नष्ट गरिदिन्छन्, हामीहरु कता जाने भन्ने भइसक्यौं ।"

बाँदर नियन्त्रण गर्न पालिकाले पहल नथालेको स्थानीयवासी गुनासो गर्दछन् । जैमिनी नगरपालिकाले यसका लागि 'मङ्की पार्क' बनाउने योजना बनाएको छ । योजनाले भने सार्थकता पाउन सकेको छैन ।

# नौबिसे-मलेखु सडक राति बन्द गरिने

**रासस**
काठमाडौं, २५ असार

पृथ्वी राजमार्गअन्तर्गत धादिङको नौबिसे-मलेखु सडकखण्ड १५ दिनका लागि राति बन्द गरिने भएको छ । बुधबारदेखि आगामी साउन ९ गतेसम्म रातिको समयमा निर्माणको काम गर्न लागिएको हो।

राति १० बजेदेखि बिहान ३ बजेसम्म राजमार्ग बन्द गरेर पुलको बिम राख्ने कार्य गर्न लागिएको नागढुङ्गा मुग्लिन सडक आयोजना (पूर्वी खण्ड) का सिनियर डिभिजन इन्जिनियर ईश्वरबहादुर रिजालले बताउनुभयो । नौबिसे नागढुङ्गा खण्डमा निर्माण हुँदै गरेको पुलको बिमलाई उचालेर पुलमा राख्नको लागिएको र त्यस बेला हुनसक्ने जोखिमलाई मध्यनजर गरेर काम गर्न लागिएको उहाँले जानकारी दिनुभयो ।

गणेश खोला, डाङडुङ खोला, खेस्टे खोला र पोखरे खोलाको पुलको गडर लन्चिङ गर्न लागिएको छ । दिउँसोको समयमा गाडीको चाप बढी हुने भएकाले रातिको समयमा पाँच घण्टा सवारी आवागमन बन्द गरेर काम गर्न लागिएको इन्जिनियर रिजालले बताउनुभयो ।

"पुलको आरसिसी बिम (प्रिकास्ट ब्रिज गर्डर) पुलभन्दा बाहिरको जमिनमा बनाइएको छ । त्यसलाई क्रेनले उचालेर पुलको दुवैतर्फको पिल्लरमा राख्नुपर्नेछ", उहाँले भन्नुभयो, "काम नयाँ पुलमा हुने भए पनि पुरानो पुलसँगै रहेकाले काम गर्ने क्रममा आई पर्न सक्ने जोखिमलाई मध्यनजर गरी सडक सवारी रोकेर काम गर्न लागिएको हो ।"

काम भइरहँदा सवारी साधन आवागमनमा बाधा पर्न जाने भएकाले सवारीको चाप नहुने समय (रातिको समय)मा काम गर्न लागिएको जिल्ला प्रहरी कार्यालय धादिङका प्रहरी नायब उपरीक्षक मकेन्द्रकुमार मिश्रले जानकारी दिनुभयो । मिश्रका अनुसार एम्बुलेन्स र सुरक्षा निकायले प्रयोग गर्ने सवारी साधनबाहेक अन्य सवारी साधनलाई पूर्णरुपमा रोकिनेछ । सम्पूर्ण चालकलाई आफ्नो लेनमा अनुशासन कायम राख्न र जथाभावी ओभरटेक नगर्न जिल्ला प्रहरी कार्यालय धादिङले सूचना जारी गरेको छ।

एम्बुलेन्स र सुरक्षा निकायले प्रयोग गर्ने सवारी साधनबाहेक अन्य सवारी साधन पूर्णरुपमा बन्द रहनेछ । राजमार्ग भएर यात्रा गर्ने सवारी साधनलाई वैकल्पिक मार्गको रुपमा गल्छी-विदुर-छहरे-टोखा सडक प्रयोग गर्न जिल्ला प्रहरी कार्यालयले आग्रह गरेको छ ।

# भरतपुर महानगरद्वारा ५४ सङ्घ संस्थालाई कृषि सामग्री प्रदान

**रासस**
भरतपुर, २५ असार

भरतपुर महानगरपालिकाले यहाँका ५४ समूह, सहकारी र कृषि फर्मलाई कृषियन्त्र तथा उपकरण प्रदान गरेको छ ।

महानगर प्रमुख रेनु दाहाल र उपप्रमुख चित्रसेन अधिकारीले मंगलबार एक कार्यक्रमकाबीच ती सामग्री हस्तान्तरण गर्नुभएको हो ।

महानगरको कृषि तथा व्यवसाय प्रबर्द्धन शाखामार्फत आर्थिक वर्ष २०८०/८१ को कार्यक्रमअनुसार कृषि यान्त्रिकीकरण तथा ढुवानी साधन खरिदमा ५० प्रतिशत अनुदानमा सामग्री हस्तान्तरण गरिएको शाखाका प्रमुख तेजेन्द्रप्रसाद पौडेलले जानकारी दिनुभयो ।

अनुदानमा चारवटा ट्याक्टर, छवटा हाते ट्याक्टर (मिनिटिलर), धान, १२ वटा गहुँ काट्ने मेसिन (रिपर) हस्तान्तरण गरिएको हो ।

यस्तै धान तथा गहुँ झार्ने मेसिन (थ्रेसर) तीन थान, रोटाभेटर दुई थान, मकै छोडाउने मेसिन( कर्न सेलर) १७ थान, तोरी मिल तीन थान, मकै रोप्ने मेसिन (मेज प्लान्टर) तीन थान, घाँस टुक्र्याउने मेसिन (च्याफ कटर) आठ थान, राइस मिल दुई थान हस्तान्तरण गरिएको छ। मिल्क एनलाइजर छ थान, चिलिङ भ्याट दुई थान, तरकारी खेती गर्ने किसानका लागि बोलेरो दुई थान र तिनपाङ्ग्रे अटो दुई थान हस्तान्तरण गरिएका छन् ।

महानगरपालिकाले रु एक करोड अनुदानमा ती सामग्री खरिद गरेर उपलब्ध गराएको पौडेलले जानकारी दिनुभयो । कार्यक्रममा महानगर प्रमुख दाहालले कृषि क्षेत्रलाई आधुनिकीकरण, व्यावसायिकरण र उत्पादनको बजारीकरणका लागि सहयोग गर्दै आएको बताउनुभयो । उहाँले भन्नुभयो, "हामीले हरेक वर्ष कृषि क्षेत्रलाई उच्च प्राथमिकतामा राख्दै आइरहेका छौं । किसानको आवश्यकता पहिचान गरी महानगर अघि बढिरहेको छ", उहाँले थप्नुभयो, "खडेरीका कारण सुख्खा क्षेत्र भएका ठाउँमा सिँचाइका लागि बोरिङ्सहित नारायणी लिफ्ट सिँचाइ आयोजनालाई नियमित सञ्चालन गर्ने प्रक्रियामा महानगर लागिपरेको छ ।"

महानगर उपप्रमुख चित्रसेन अधिकारीले अनुदानमा कृषि सामग्री प्राप्त गर्ने संस्थाले ती उपकरणको उचित प्रयोग र व्यवस्थापन गर्नुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो,"महानगरले विगतका वर्षमा जस्तै यसवर्ष पनि यहाँहरूकै मागअनुसार सामग्री प्रदान गरेको छ । अब प्राप्त सामग्रीको व्यवस्थापन र संरक्षण प्रभावकारी रूपमा गरेर बढीभन्दा बढी लाभ लिन आवश्यक छ ।"

# कृषि प्राविधिकको धर्ना जारी

**रासस**
काठमाडौं, २५ असार

कृषि तथा पशुपन्छी विकास मन्त्रालयअन्तर्गतका तीन सय ७८ कर्मचारीले दश दिनदेखि मन्त्रालय परिसरमा धर्ना दिइरहेका छन् ।

कर्मचारी समायोजन अध्यादेश २०७५ अनुसार सङ्घमा समायोजन भएका एक हजार तीन सय ३९ कर्मचारीमध्ये तीन सय ७८ कृषि प्राविधिकको कार्यालय र पद अहिले नभएको भन्दै कर्मचारी १० दिनदेखि धर्नामा बसेका हुन् जसका कारण कर्मचारीको २० वर्षदेखि बढुवापनि हुन नसकेको कृषि प्राविधिक कर्मचारीको आन्दोलन सङ्घर्ष समितिका सदस्य तोयनाथ जोशीले जानकारी दिनुभयो।

कृषि प्राविधिकमा बाली संरक्षण, बाली विकास, कृषि अर्थ, माटो, कृषि प्रसार, कृषि इन्जिनियरिङ, बागवानी, खाद्य समूहका कर्मचारी गरी तीन सय ७८ को कार्यालय र पद हराए धर्नामा बस्नुपरेको उहाँले सुनाउनुभयो । तीन सय ७८ मध्ये ५० जना पशु विकासतर्फका कर्मचारी रहेका छन् ।

कृषि मन्त्रालयका कर्मचारीको बढुवाका लागि विसं २०७६ देखि लोकसेवा खुलेको छैन । मन्त्रालयमा उपसचिवको सङ्ख्यामा कमी आएको समितिका संयोजक माधव पौडेलले बताउनुभयो । सामान्य प्रशासनतर्फका कर्मचारी थप गर्नुपर्दा रातारात थपिने तर भएका कृषि प्राविधिकलाई समस्यामा पार्न खोजिएको भन्दै समितिले धर्नालाई निरन्तरता दिएको हो ।

# रास्वपाले महामन्त्रीबाट ढकाललाई हटायो

**पोखरापत्र संवाददाता**
पोखरा, २५ असार

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले पार्टी महामन्त्री मुकुल ढकाललाई पदबाट हटाएको छ ।

पार्टी केन्द्रीय समितिको मंगलबारको बैठकले पार्टी अनुशासन समितिको सिफारिसमा पार्टी केन्द्रीय सदस्य, प्रवक्ता र महामन्त्री पदबाट उहाँलाई हटाएको हो ।



उहाँलाई सर्वसम्मतिबाट पदमुक्त गरिएका कार्यवाहक प्रवक्ता मनिष झाले बताउनुभयो । उहाँको साधारण सदस्यता मात्र कायम गरिएको छ।

पार्टी अध्यक्ष एवं उपप्रधानमन्त्री रवि लामिछानेको अध्यक्षतामा बसेको बैठकले ढकाललाई केन्द्रीय समितिको निर्णयप्रति असहमत भएमा पुनरावेदन गर्नसक्ने निर्णय गरेको छ।रास्वपाले पुनरावलोकन समिति सहमहामन्त्री विपीन आचार्यको संयोजकत्वमा गठन गरेको छ ।

पार्टीभित्र बोलेकै कारण महामन्त्री कारबाहीमा पर्ने कुरालाई स्वाभाविक रुपले लिन सकिन्छ र भन्ने प्रश्नमा प्रवक्ता झाले भन्नुभयो, "उहाँले राजनीतिक व्यवहार नदेखाएका कारण कारबाही गरिएको हो ।"

